# अध्यायः एक

## १.० आमुख

## १.१ शोध परिचय

कुनै पनि भाषाको व्याकरण तबसम्म पूर्ण हुन सक्तैन, जबसम्म समाजमा त्यस भाषाको प्रयोग व्यक्तिको विचार विनिमयको साधनको रूपमा कसरी भइरहेको छ भन्ने कुराको पुष्टि हुन सक्तैन। व्याकरणले समाजको भाषिक व्यवस्था र प्रयोगबारे प्रष्ट्याउनु पर्छ किनभने भाषा कुनै पनि समुदायका विचार-विनिमयको साधन हो, व्यवस्था र व्यवहार पनि हो। भाषाविज्ञानका पारिभाषिक शब्दावली र संरचनाको प्रस्तुतिले जनसमुदायको सांस्कृतिक, सामाजिक, धार्मिक र संज्ञानात्मक पक्षको विवरण प्रस्तुत गर्दछ। त्यसैकारण भाषावैज्ञानिकहरू भाषिक विविधताको संरक्षणका सम्बन्धमा उत्सुक रहन्छन्। भाषा विलुप्तिएर जानासाथै सम्बन्धित जातिका संस्कृति र सभ्यताको सम्पूर्ण स्वरूप नै विलीन भएर जान्छ। जब मातृभाषा वक्ताको मुखबाट लुप्त भएर जान्छ, तब विगतको पुनर्निर्माणका सम्पूर्ण सम्भावनाहरू पनि हराएर जान्छन्। मानव सभ्यताको ऐतिहासिक स्वरूप नै सदाको निम्ति लुप्त भएर जान्छ।

भारतभरि छरिएर बसेका विभिन्न जाति, समुदाय र गोष्ठीहरूमध्ये 'टोटो' जनजाति एउटा प्राचीन जनजातिका रूपमा अस्तित्वमा रहेको थाहा लाग्दछ। यिनीहरू पश्चिम बङ्गाल राज्यको जलपाइगढी जिल्लाको मदारीहाट खण्ड विकास क्षेत्रअन्तर्गत सुदूर मध्य डुवर्स तथा भारत-भुटान सीमामा बसोबास गर्छन्। अलग सांस्कृतिक, सामाजिक स्तर र देवी देवता मान्ने प्रथा नै टोटोहरूको प्रमुख चिनारी रहेको देखिन्छ। सन् १९९१ को जनगणनाअनुसार जलपाइगढी जिल्लाका तेह्रवटा खण्डहरूमा मदारीहाट खण्ड

विकासअन्तर्गत यहाँका जनजातिहरूको कुल जनसङ्ख्या लगभग ५५,३८९ छ जो जिल्लाको मोठ जनसङ्ख्याको ३६.३९% प्रतिशत रहेको देखिन्छ।[1]

ऐतिहासिक दृष्टिले टोटोहरूको अस्तित्व सम्बन्धी कुनै ठोस लिखित अभिलेख नभेट्टाइए तापनि आनुवंशिक दृष्टिले यिनीहरू भोट-मङ्गोल वंशका अनि भाषिक दृष्टिले भोट-बर्मेली परिवारका मानिन्छन्।[2] टोटोहरूको लोक मान्यता अथवा मिथकअनुसार धिमाल र टोटो एउटै वंशका हुन् भन्ने भनाइ पनि रहेको पाइन्छ। वस्तुतः टोटो, धिमाल र भुटियाहरू भाषिक दृष्टिले नजिक रहेका हुनाले यिनीहरूमा कतिपय शब्दावलीहरूको साझा प्रयोग भेटिन्छ।

उन्नाइसौं शताब्दीको दोस्रो दशकतिर ब्रिटिस प्रशासनको तर्फबाट ओ. डोनेल र हजसनले गरेका सर्वेक्षणमा टोटोपाडाको क्षेत्रफल १०२७.३६ ऐकर रहेको जानकारी प्राप्त छ। यो डी. सन्डरको सन् १८९५को (क्षेत्रफल १,११६.७४ ऐकर) प्रतिवेदनकै आधारमा छ। यसपछि १९०६-१६ मा मिलिगनले टोटोपाडाको क्षेत्रफल २,००३ ऐकर बताएका थिए। त्यस समय टोटोपाडाको जनसङ्ख्या २३५ रहेको थाहा पाइन्छ। १९२१ को जनसङ्ख्याअनुसार ६० घरहरूमा बसोबास गर्ने टोटोहरू २७१ जना रहेको थाहा पाइन्छ।[3] यसपछि टोटोहरूको जनसङ्ख्यामा निरन्तर वृद्धि भइरहेको देखिन्छ। यसका साथै सांस्कृतिक र सामाजिक रूपले पनि यिनीहरूमा परिवर्तन भइरहेको देखिन्छ।

विभिन्न स्तरबाट टोटोहरूबारे सांस्कृतिक, समाजवैज्ञानिक र जनसाङ्ख्यिकीय अध्ययन भने भइरहेको छ। उनीहरूका बारेमा भाषावैज्ञानिक अध्ययन भने आजपर्यन्त ग्रियर्सन र सन्यालले गरेका भाषिक तथ्याङ्कहरूको सङ्कलनबाहेक विस्तृत रूपमा हुनसकेको

---

[1]मणिव्रत भट्टचार्य, टोटो एट **क्रसरोडस्**, अर्पना बुक् डिस्ट्रिब्युटर, कलकत्ता, प्रथम संस्करण १९९८, पृ.स.१६

[2]ऐजन, पृ.स.१६

[3]ऐजन, पृ.स.१७

देखिन्न। यसर्थ, यिनीहरूका भाषाका व्याकरणको विश्लेषणात्मक अध्ययन यस शोधकार्यको मुख्य विषय रहनेछ। यस कार्यलाई छवटा अध्यायमा विभाजन गरी राखिएको छ।

प्रथम अध्यायमा शोध परिचय रहेको छ। दोस्रो अध्यायमा **टोटो**सम्बन्धी सामान्य परिचय प्रस्तुत गरिएको छ। तेस्रो अध्यायमा टोटो भाषाको ध्वनिवैज्ञानिक विश्लेषण गरिएको छ भने चौथो अध्यायमा टोटो भाषाको रूपवैज्ञानिक विश्लेषण गरिएको छ। पाचौं अध्यायमा टोटो भाषाको वाक्यविश्लेषण गरी देखाइएको छ। छैटौं अध्यायमा उपसंहार राखिएको छ।

यसरी **टोटो** भाषाका समस्त पक्षको अध्ययन गरिनाले, यो अध्ययन वर्णनात्मक व्याकरणकै रूपमा लगभग तयार हुने देखिन्छ। दोस्रो, यस समुदायको सांस्कृतिक, सामाजिक र संज्ञानात्मक पक्ष पनि भाषा-अध्ययनकै माध्यमबाट देखा पर्न सक्छन्। यसर्थ यो एउटा लिखित अभिलेखको रूपमा रहिरहने कुरामा आश्वस्त बन्न सकिन्छ साथै यस शोधकार्यले समकालिक र कालक्रमिक वस्तुस्थितिको जानकारी पनि प्रस्तुत गर्ने विचार गरिएको छ।

## १.२ शोध प्रबन्धको शीर्षक

उत्तर बङ्ग विश्वविद्यालयअन्तर्गत पिएच.डी. उपाधिको निम्ति प्रस्तुत शोध प्रबन्धको शीर्षक **'टोटो भाषाको वर्णनात्मक विश्लेषण'** रहेको छ।

## १.३ शोध समस्या कथन

सम्पूर्ण टोटो जनजातिसम्बन्धी समाजशास्त्रीय र नृवंशशास्त्रीय अध्ययनबाहेक एकाध भाषावैज्ञानिक अध्ययन गरिएको भेटिन्छ, यद्यपि भाषिक क्षेत्रमा पूर्णरूपले वैज्ञानिक अध्ययन र विश्लेषण हुनसकेको भने भेटिन्न। त्यसतर्फको अध्ययन विश्लेषणसम्बन्धी समस्यामा केन्द्रित रहेर प्रस्तुत शोधकार्य गरिने छ।

बङ्गला भाषामा टोटोबारे थोरबहुत काम गरिएको पाइन्छ तर नेपाली भाषाभाषीमाझ बसोबास गरिरहेका टोटोहरूबारे नेपाली भाषामा कुनै अध्ययन-पत्रहरू भेट्टाउन सकिएन।

प्रायः बोलीकै रूपमा प्रचलनमा रहेको टोटो भाषाको वर्णनात्मक अध्ययनले यसै वर्गमा पर्ने अन्य भोट-हिमाली भाषाहरूको अध्ययन गर्न सकिने सम्भावना बढाउने आशा गर्न सकिन्छ। भाषाको वर्णनात्मक अध्ययन गर्ने पद्धति नेपालीमा अद्यावधि राम्ररी विकसित भइसकेको छैन। टोटो भाषालाई आधार बनाएर भाषाको वर्णनात्मक अध्ययन गर्ने जमर्को यहाँ गरिएको छ।

हालसम्म भएका अध्ययनहरूमा टोटो जनजातिसम्बन्धी सम्पूर्ण पक्षहरू स्पष्ट भएको प्रायः देखिँदैन। विशेष गरी टोटो भाषाको ध्वनितात्त्विक र रूपतात्त्विक क्षेत्रमा त्यति अध्ययन गरिएको पाइन्न।

जलपाइगढी क्षेत्रमा टोटोहरूको आगमन र बसोबासको परिप्रेक्ष्य हेर्दा यस जनजातिको बसाइँ-सराइको एउटा ऐतिहासिक झल्को पनि देखिन आउँछ। त्यसको पनि अध्ययन गरिनु आवश्यक देखिन्छ।

## १.४ शोधकार्यको उद्देश्य

टोटो भाषाको वर्णनात्मक विश्लेषण प्रस्तुत शोधकार्यको उद्देश्य हो। भाषावैज्ञानिक सिद्धान्तका आधारमा टोटो भाषाका ध्वनि, वर्ण, रूप र वाक्यहरूको विश्लेषण गर्नु साथै पी.एच.डी उपाधिका निम्ति प्रस्तुत गर्नु शोधकार्यको प्रमुख लक्ष्य रहने छ।

## १.५ शोधकार्यको औचित्य

भाषाविज्ञानका परिभाषिक शब्दावली र संरचनाको प्रस्तुतिले जनसमुदायको सांस्कृतिक, सामाजिक, धार्मिक र संज्ञानात्मक पक्षको विवरण प्रस्तुत गर्दछ। त्यसैकारण भाषावैज्ञानिकहरू भाषिक विविधताको संरक्षण सम्बन्धमा उत्सुक रहन्छन्। टोटोहरूका

लिखित सामग्री र लिपि नभए तापनि यिनीहरूको कथ्य भाषाका आधारमा सङ्कलन गरिएका तथ्याङ्कहरूबाट एउटा वर्णनात्मक व्याकरण तथा भाषिक विवरण तयार हुनसके यस शोधकार्यको औचित्य पुरा हुने ठानिएको छ।

## १.६ शोधकार्यको सीमाङ्कन

**टोटो** जनजातिमाथि विभिन्न विद्वान्हरूले विविध क्षेत्रमा अध्ययन र विश्लेषण गरे तापनि भाषावैज्ञानिक अध्ययनका क्षेत्रमा भने डा. वि के राय बर्मनको ***"डाइनामिक्स अव् पर्सिस्टेन्स् एण्ड चेन्ज अफ् ए स्मल कम्युनिटी —द टोटो"*** (कलकत्ता विश्वविद्यालय १९५९) र डा. सुष्मिता बसुको शोध-प्रबन्ध ***"टोटो भाषार रूपरेखा"*** (उत्तर बङ्ग विश्वविद्यालय,१९९७) शोध-प्रबन्ध उल्लेखनीय देखिन्छन्। बर्मनले आफ्नो शोध-प्रबन्धभित्र **टोटो** भाषाको रूपतत्त्वको विश्लेषणलाई एउटा अङ्गको रूपमा राखेको पाइन्छ भने बसुले ध्वनि, वर्ण र वाक्यलाई प्रमुखता दिएको पाइन्छ। यी सम्पूर्ण पक्षहरूलाई लिएर आधुनिक भाषाविज्ञानका सिद्धान्तअनुसार 'टोटो भाषाको अध्ययन र विश्लेषण' गर्ने काममा प्रस्तुत शोधकार्य परिसीमित रहने छ।

## १.७ शोधविधि

प्रस्तुत शोध-कार्य टोटो जातिको समाज र भाषासम्बन्धी निर्दिष्ट नियमभित्र बसेर गरिएको सीमित समयावधिको अन्वेषण हो। यसमा अग्रज विद्वानहरूको विचारलाई नै उपजीव्य बनाएर अध्ययन अग्रसारित गरिएको छ भने टोटो समूह मै बसेर उनीहरूको जीवन प्रणाली र भाषाभङ्गीलाई आधार बनाएर सक्दो मौलिकताको निर्वाह गर्ने प्रयास गरिएको छ। यहाँ के भन्नु आवश्यक छ भने यो पूर्णरूपेण विशुद्ध भाषावैज्ञानिक शोध नहुनाले पारिभाषिक मीमांसा कतै चुक्न पनि गएको हुन सक्छ। पारम्परिक व्याकरणमा पनि आश्रित रहँदै शोधकार्यमा टोटो भाषाको ध्वनि, वर्ण, रूप र वाक्यका तथ्याङ्कहरूको सङ्कलन अवलोकनविधि र साक्षात्कारविधिका आधारमा गरिएको छ।

### १.७.१ सामग्री सङ्कलन विधि

सामग्री सङ्कलन गर्दा निरीक्षण पद्धति, साक्षात्कार पद्धति, आलेखन पद्धति र सचित्र कोशको प्रयोगलाई प्रमुख आधारको रूपमा राखिएको छ। सम्बन्धित बिषयमा महाविद्यालय, विश्वविद्यालय आदिका पुस्तकालयहरूको सहयोग, विविध पुस्तक तथा पत्र-पत्रिका आदिको उपयोग, विज्ञजनहरूका सुझाउ, सर-सल्लाह र उनीहरूबाट प्राप्त जानकारीलाई दोस्रो स्रोत मानिएको छ। आधुनिक वर्णनात्मक भाषाविज्ञानका सामान्य सिद्धान्तका आधारमा टोटो भाषाका ध्वनि, वर्ण, रूप र वाक्यसम्बन्धी विविध सामग्रीको अध्ययन र विश्लेषण यस शोधकार्यमा गरिएको छ। नेपाली भाषा टोटोहरूले दोस्रो भाषाको रूपमा प्रयोग गर्ने हुनाले अन्तर्वार्ताका लागि कुनै द्वैभाषिक व्याख्याकारको आवश्यकता पर्दैन। अन्तर्वार्ताका समय अडियो टेप र परीक्षणका निम्ति आवश्यक भाषावैज्ञानिक उपकरणहरूको प्रयोग पनि गरिएको छ।

### १.७.२ सामग्री विश्लेषण विधि

भाषाको वर्णनात्मक विश्लेषण विशुद्ध भाषावैज्ञानिक अध्ययन हुनाले आधुनिक भाषाविज्ञानका नियमअनुसार टोटो भाषाको सङ्कलित सामग्रीहरू ध्वनि, वर्ण, रूप र वाक्यको विश्लेषण गरिएको छ।

## १.८ पूर्वकार्यको सर्वेक्षण

टोटोहरूको अस्तित्वका सम्बन्धमा ब्रिटिश-भारत सरकारका आवासीय अधिकारी डी. सन्डर (१८८९-१८९४) -ले पहिलोचोटि पत्तो लगाएका थिए।[4] डी.सन्डरले टोटोहरूका व्यवहार र भाषासम्बन्धी 'सर्वे एन्ड सेटलमेन्ट् अव् वेस्टर्न डुवर्स,

[4] चारूचन्द्र सन्याल, 'द मेचेज एण्ड द टोटो, टु सवहिमालयन ट्र्याइबज अब् नर्थ बेङ्गल' , नर्थ बेगल युनिभर्सिटी, दार्जीलिङ, पहिलो संस्करण १९७३ पृ.सं.१२

१८९५' मा सात पृष्ठको एउटा टिपोट लेखेका थिए।[5] यो एउटा विवरण मात्र थियो यसमा कुनै ठोस तथ्य भने थिएन। आवासीय आधिकारी जे. मिलिगनको दोस्रो सर्वेक्षण(१९०६-१९१६) को आवासीय विवरण १९१६मा उनले यिनीहरूको उत्पत्तिबारे तथ्याङ्क फेला पार्न नसकेको कुरा बताएका छन्।[6] तेस्रो सर्वेक्षण बी. मुखर्जीले १९३१-३५ मा गरेका थिए।[7] तिब्बतविद् डा. एस. के. पाठकले टोटोहरूको उत्पत्ति जेलेपलाको नजिक ट्रोमो भ्याल्लीबाट हुनसक्ने सम्भावना जताएका छन्।[8] माइकल एरिस र डा. पाठकको संयुक्त भनाइमा भुटानको टोक्टोप र टोटोहरूको एउटै रक्तधारा हुनसक्ने पनि सम्भावना बताएको पाइन्छ। टोटोहरू भुटानबाट बसाइँ सरेर टोटोपाडा आएदेखि उनीहरूको सम्बन्ध भुटानसँग पूर्णतया टुटेको उल्लेख पाइन्छ।[9] यसका अतिरिक्त ग्रियर्सनले (१९०९) **भारतीय भाषाहरुको सर्वेक्षण,** खण्ड ३ भाग १ मा यिनीहरूका भाषिक विशेषतासम्बन्धी महत्त्वपूर्ण जानकारी दिँदै टोटो भाषाको वर्णनात्मक अध्ययन प्रस्तुत गरेको पाइन्छ।[10] डा. चारूचन्द्र सान्यालले टोटोहरूका सम्बन्धमा आफ्नो लेख ***'जर्नल अव् एसियाटिक सोसाइटी'*** मा प्रकाशित गराएका थिए। पछि यिनै लेखहरूलाई ***'द मेचेज् एन्ड द टोटो टु सब-हिमालयन ट्राइब्ज अव् नर्थ बेङ्गल'*** पुस्तक प्रकाशित गराएको पाइन्छ।[11] यो पुस्तक नै टोटो भाषामाथि गरिएको ग्रियर्सनको ***'भारतीय भाषाहरूको सर्वेक्षण'*** पछिको दोस्रो भाषिक अध्ययन हो। उनले टोटो भाषाका धेरै शब्दहरूको सङ्कलन गरेका छन्। यसका अतिरिक्त सामान्य व्याकरणिक अध्ययन र अन्य भाषाहरूसँगको तुलनात्मक अध्ययन उक्त पुस्तकको मुख्य विशेषता रहेको देखिन्छ।

---

[5] अमलकुमार दास, 'द टोटोज', एस.सी एण्ड एस.टी वेलफेयर डिपार्टमेन्ट, कलकत्ता, १९६९, पृ.सं १

[6] विमलेन्दु मजुमदार, **टोटोज्** , एकाडेमिक इन्टरप्राइज, कलकत्ता, प्रथम संस्करण,१९९८ पृ. स.२४

[7] ऐजन, पृ.सं २५

[8] ऐजन, पृ.सं २५

[9] ऐजन, पृ.सं २५

[10] ग्रियर्सन, 'भारतीय भाषाहरूको सर्वेक्षण' ,१९०९, खण्ड ३, भाग १ मोतिलाल वनारसी दास,पृ.२५०-५१

[11] सन्याल, पूर्ववत् पृ.सं. IV

यसबाहेक पश्चिम बङ्गालको जनगणना विभागका तत्कालीन अधिकारी ए. मित्रले जनगणना विभागद्वारा प्रकाशित गरेको 'डिस्ट्रिक ह्यान्डबुक अव् जलपाइगुडी:(१९५१)-मा टोटोहरूलाई 'दुर्लभ प्रजाति' भनेको पाइन्छ। डा. बी. के. राय बर्मनले *'डाइनामिक्स अव् पर्सिस्टेन्स् एन्ड चेन्ज अव् ए स्मल कम्युनिटी –द टोटो'* शीर्षकमा कलकत्ता विश्वविद्यालयबाट विद्यावारिधिको निम्ति शोधकार्य प्रस्तुत गरेका छन्। यसका अतिरिक्त सांस्कृतिक अन्वेषण संस्थानका अधिकारी डा. अमलकुमार दासद्वारा लिखित प्रबन्ध *'द टोटोज'*, टोटोपाडा कल्याण समितिका समन्वयक सन्तोषकुमार भट्टचार्यको पचास पृष्टको पुस्तक *'टोटोदेर कथा'* *(1972)*, देवेन्द्रनाथ धालीको पुस्तिका *टोटो (१९८७)*, बिमलेन्दु मजुमदारको टोटोहरूका सांस्कृतिक र आर्थिक स्थितिमाथि लेखिएको अन्वेषणात्मक लेख *'द टोटो'* उल्लेखनीय छन्। २००३ मा प्रकाशित मणिव्रत भट्टचार्यको पुस्तक *'टोटो एट क्रसरोड'* ले टोटोहरूका वर्तमान परिप्रेक्ष्यमा जनसाङ्ख्यकीय तथ्याङ्क प्रस्तुत गरेका छन्। अन्य पुस्तकहरूका दाँजामा यो धेरै वैज्ञानिक पनि देखा पर्दछ।